बैठक नं. १०६

आज मिति २०८२ चैत्र २५ गते, बुधबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

**विषयहरु :**

१. विस्का जात्रा सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन ।

३. विविध ।

## lg0f{ox? :

१. मिति २०८२ चैत्र २७ गते शुरु भई २०८३ बैशाख ५ गते सम्पन्न हुने विस्का जात्रा र नयाँ वर्षको शुभकामना र्‍याली तथा कार्यक्रमको लागि देहाय बमोजिमको वडा कार्यालयहरुलाई जिम्मा दिने निर्णय गरियो :

**र्‍याली व्यवस्थापन**

१ नं वडा कार्यालय र ९ नं. वडा कार्यालय

कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्थापन – ५ नं. वडा कार्यालय

२. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

मिति २०८२।१२।१७ गते बसेको शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष तथा वरिष्ठ साहित्यकार श्री नारायणमान बिजुक्छें (रोहित) द्वारा लिखित ‘सय वर्षपछिको भक्तपुर’ को तेश्रो संस्करण भक्तपुर नगरपालिकाले प्रकाशित पुस्तक परिचर्चा कार्यक्रम आयोजना गर्ने निणय गरियो ।

भक्तपुर नगरपालिकालाई उक्त ‘सय वर्षपछिको भक्तपुर’ पुस्तकको तेश्रो संस्करण प्रकाशन गर्ने अनुमति प्रदान गर्नु भएकोमा लेखकप्रति धन्यवाद ज्ञापन गर्दै १००० थान पुस्तक प्रदान गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित नगर स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य केन्द्रहरुमा नि:शुल्क वितरण गरिने औषधिहरु खरिदका लागि स्वास्थ्य शाखा प्रमुख डा. रत्न सुन्दर लासिवाले पेश गर्नु भएको निवेदन बमोजिम सघीय सरकारबाट औषधी खरिदका लागि प्राप्त स:शर्त बजेटबाट निवेदनमा उल्लेखित औषधीहरु सोझै खरिद गर्न प्रक्रिया अगाडि बढाउने साथै नेपाल सरकारको औषधी लिमिटेडबाट खरिद गर्न मिल्ने औषधीहरु ।

**ख. युवा तथा खेलकुद समिति**

मिति २०८२।१२।१५ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८२ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पद प्राप्त गर्नु भएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरुलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र प्रशिक्षक प्रशिक्षण कोर्षमा उत्तीर्ण प्रशिक्षकहरुलाई (रिफ्रेर कोष गर्नेलाई बाहेक) सम्मान कार्यक्रम गर्ने भएकोले सम्पूर्ण सम्बन्धित खेलाडी, रेफ्री, प्रशिक्षकहरुलाई आ–आफूले २०८२ सालमा प्राप्त गर्नु भएका प्रमाण पत्रहरुको प्रतिलिपी २०८३ बैशाख १५ गते बुझाउन हुन भनी पत्रिका सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**ग. वातावरण तथा पर्यटन समिति**

मिति २०८२।१२।१८ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. नगर क्षेत्रबाट दैनिक संकलन हुने फोहर मैलामा भएका नकुहिने पुनः प्रयोगीय वस्तु छान्ने र व्यवस्थापन गर्न गराउने बारेमा डोको रिसाइकर्ल्स प्रा.लि सँग सम्झौता गने निर्णय गरियो ।

२. सफाई प्रयोजनको लागि १ थान ब्रुमर मेशिन गाडी खरिद गर्ने ।

३. विस्का जात्रा अवधिभरि २०८२ चैत्र २७ गतेदेखि २०८३ बैशाख ५ गतेसम्म नगरभरिका सार्वजनिक शौचालयहरुमा नि:शुल्क गराउने निर्णय गरियो ।

४. भक्तपुरका सम्पदाहरुको जानकारी दिने वेभसाइट, क्यू आर र आप्स २०८२ चैत्र २६ गतेदेखि शुभारम्भ गर्ने ।

**घ. नगर विपद् व्यवस्थापन समिति**

मिति २०८२।१२।२ गते बसेको नगर विपद व्यवस्थापन समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरालिका वडा नं. १०, क्वाठण्डौ बस्ने रवि श्रेष्ठ मिति २०८२ साल असोज १८ गते अन्दाजी करिब १७:१५ बजेको समयमा जिल्ला रसुवा गोसाई कुण्ड गा.वि.स. वडा नं. ४ स्थित पेरिङ्ग खोल्सामा अविरल वर्षाको कारण आएको बाढीले बगाएर वेपत्ता भएकोले आर्थिक सहयोग पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएको र उक्त घटना सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, रसुवाबाट डोर खटी गएको टोलीले गरेको स्थलगत घटनास्थल प्रकृति मुचुल्काको फोटोकपी समेत पेश भएको सम्बन्धमा छलफल हुँदा पीडित निवेदकलाई राहत स्वरुप रु.५०,०००।– (अक्षेरुपी पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

## ङ. कृषि समिति

मिति २०८२।११।२९ गते बसेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. यस नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स:शर्त कार्यक्रम अन्तर्गत कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम अन्तर्गत पहिलो चरणको सर्वेक्षण (Listing) कार्य सम्पन्न भएको जानकारी भयो । उक्त पहिलो चरणमा गणक श्री सन्दीप सुवालले तपसिल बमोजिमको घरधुरी सर्वेक्षण गरेको र उक्त कार्यक्रमको कार्यविधि "कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम कार्यविधि २०८२" अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

## च. आर्थिक समिति

**मिति: २०८२।१२।१८ गते बसेको आर्थिक समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :**

**१. सूत्र प्रणाली पूर्ण प्रयोग सम्बन्धी दरभाउपत्र स्वीकृत सम्बन्धमा**

यस नगरपालिकाको १० वटै वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट हुने राजश्व संकलन तथा व्यवस्थापनको कार्यलाई स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली,सुत्र (suTRA) मार्फत पूर्ण रुपमा सञ्चालनको लागि कर्मचारीलाई तालिम, सञ्चालन सहयोग ,आर्थिक ऐनहरुको प्रविष्टि तथा करदाताको लगत प्रविष्टिका कार्य नगरपालिकामा सूचिकृत परामर्शदातृ फर्महरुबाट गराउनको लागि दरभाउपत्र माग गर्ने कार्यपालिका बैठकको मिति: २०८२।११।२७ को निर्णय अनुसार माग गरिएका ३ वटा दरभाउ पत्रमध्ये सजिलो इन्फोसिस् प्रा.लि.भौखेल, भक्तपुरले कबोल गरेको लागत अंक रु. ४,३२,०००।- (मु.अ. कर बाहेक) सबैभन्दा कम भएकोले उक्त कम्पनीसँग नियमानुसार सम्झौता गरी कार्य गराउन कार्यपालिका बैठक समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**२. पसल बहालको लागि पुन: सूचना प्रकाशित गर्ने सम्बन्धमा:**

यस नगरपालिकाको स्वामित्वमा रहेका तपसिलका पसल कवल तथा शौचालयहरु बहालमा दिने सम्बन्धी यस अघि मिति: २०८२।१२।०१ गते प्रकाशित सूचना अनुसार कुनै पनि दरभाउ पत्र दर्ता हुन नआएकोमा साविककै न्यूनतम अंक उल्लेख गरी बहालका लागि पुन: दरभाउपत्र आह्वानको सूचना प्रकाशित गर्ने निर्णय गरियो :

**बहालमा दिने पसल (गोदाम कोठा) तथा शौचालयको विवरण**

| क्र.सं. | पसल (गोदाम कोठा)तथा शौचालय | वडा नं. | न्यूनतम कबोल अंक (बार्षिक बहाल) रकम (रु.) |
|---|---|---|---|
| १. | कमलविनायकस्थित नमूना भवन पसल नं. १ | १० | ४,९२,०००। |
| २ | कमलविनायकस्थित नमूना भवन गोदाम कोठा नं. १ | १० | १,४४,०००। |
| ३. | कमलविनायकस्थित नमूना भवन गोदाम कोठा नं. २ | १० | १,४४,०००। |
| ४. | दत्तात्रय क्षेत्रस्थित सार्वजनिक शौचालय | ९ | ३०,०००। |

## छ. अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति

**मिति २०८२।१२।२३ गते बसेको अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :**

१. भ.न.पा. **क्षेत्रभित्रका अपांगता भएका व्यक्तिहरुबाट अपांगता परिचय पत्रका लागि प्राप्त निवेन अनुसार यस समितिका चिकित्सक समेतको टोलीबाट परीक्षण पश्चात्** २ (दुई) **जनालाई ‘ख’ वर्गको अति अशक्तको परिचय पत्र र** १ (एक) **जनालाई ‘घ’ वर्गको सामान्य अपांगताको परिचय पत्र दिने निर्णय गरियो ।**

## ज. निर्माण समिति

मिति २०८२/१२/१७ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | ७ नं वडाको विभिन्न स्थानमा सडक बत्ती जडान तथा मर्मत कार्य | ७ | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | ५५७,८६८।७५ | | | | | | | | |
| २ | मंगलतीर्थमा सीसीटीभी सर्भिलेन्स जडान कार्य | ३ | सीसी क्यामेरा जडा तथा मर्मत | ९७,४८३।२८ | | | | | | | | |
| ३ | सडक बत्ती मर्मत सम्भार कार्य (योसिंखेल, काल्हाचा लागायत) | ५ | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | ९८,५५५।१० | | | | | | | | |
| ४ | नपुखु ध्वाकासँगैको पसल कवलहरूमा पाखा मर्मत कार्य | १ | वातावरणीय सुधार तथा व्यवस्थापन | १,४५८,२५३।३८ | | | | | | | | |
| ५ | झताप्व गल्लीमा सीसीटीभी जडान कार्य | ८ | सीसी क्यामेरा जडा तथा मर्मत | १८९,५७५।१० | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | गोल्मढी र चोर्चामा बाटो मर्मत कार्य | ७ | मर्मत | ३४५,७२३।४४ | | | | | | | | |
| ७ | हनुमानघाटमा पानीपास मर्मत कार्य | ७ | मर्मत | ९९,०९१।०१ | | | | | | | | |
| ८ | लिबाली करिडोर बाटोमा मेशेनरी वाल निर्माण कार्य | ८ | खोला नियन्त्रणको लागि रिटेनिङ वाल निर्माण | ६,३६०,२०३।३५ | | | | | | | | |
| ९ | आदर निकेतन सञ्चालन गर्न भवन फिनिसिङ कार्य (दोस्रो चरण) | ६ | आदर निकेतन पूर्वाधार विकास तथा फर्निचर खरिद | ५१९,४२५।७१ | | | | | | | | |
| **ख)** | **रि.ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | स्थानीय स्काउट कार्यालय मर्मत कार्य | ३ | विपद व्यवस्थापन | १,५१४,८१३।८८ | १,५६१,५२१।९९ | | | | | | | |
| २ | प्राङ्गारिक मल प्रशोधन कैन्द्रमा पूर्वाधार निर्माण कार्य (शौचालय, गार्ड हाउस, ओभरहेड ट्याङ्की) | १० | प्राङ्गारिक मल प्रशोधन कैन्द्रमा पूर्वाधार निर्माण | ४,४५६,९५९।२५ | ४,५९६,४४२।८७ | | | | | | | |
| ३ | धालाखुसीदेखि तपाकेसम्मको सडक स्तरोन्नति कार्य | १ | बागमती प्रदेश समपुरक अनुदान | ल.ई. (रू.४,०६,०७,३८३।५८) | कबोल रकम (रू. २,३२,६०,७२१।०५) | परिमार्जित ल.ई. (रू.४,१८,८९,०४७।७१) | परिमार्जित कबोल रकम (रू.२,३५,२३,९९३।५४) | | | | | |
| **ग)** | **उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | महाकालीबाट अँचा पुखु जाने ओरालो ढलान बाटो मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल नपा | १,१९५,८२३।४७ | | | उ.स.अ. :श्री भिमलाल सुवाल<br>अ.स.स.: श्री सिद्धिराम अवाल | | | | | |
| २ | ७ नं. वडाको विभिन्न स्थानमा सडक बत्ती | ७ | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक | ५५७,८६८।७५ | | | उ.स.अ. : श्री विष्णु कवां<br>अ.स.स. : श्री रञ्जना त्वाती | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जडान तथा मर्मत कार्य | | बत्ती जडान र मर्मत | | | | | | | | | |
| ३ | गोल्मढी र चोर्चामा बाटो मर्मत कार्य | ७ | मर्मत | ३४५,७२३।४४ | | | उ.स.अ. : श्री राजेन्द्र लाखा<br>अ.स.स. : श्री हरिरत्न गोर्खाली | | | | | |
| **घ)** | **पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | महेश्वरीस्थान को खोलामा रिटिनिङ्ग वाल निर्माण कार्य | ७ | खोला नियन्त्रणका लागि रिटेनिङ्ग वाल निर्माण कार्य | ल.ई. १,४७,७६,४७१।५४ | कबोल रकम ५५,१७,८७४।३३ | | ३,१५७,९४२।०६ | ३,१५७,९४२।०६ | ३,१५७,९४२।०६ | आंशिक सम्पन्न | F. 4 E. Construction, Chochhen, Bhaktapur | |
| २ | मंगलतिर्थ स्नानस्थल निर्माण कार्य | ३ | नपा | २,१४५,९८४।३५ | | ६५०,०००।०० | ८५३,७३३।०० | २०३,७३३।०० | १,०७२,३४६।६१ | आंशिक सम्पन्न | मुक्ति राम स्वानेपा | |
| ३ | इखालाछी मठ पुन:निर्माण कार्य (दोस्रो चरण) | ४ | नपा | ८,८२१,४१४।१८ | | २,८००,०००।०० | ८,६०४,८२२।८० | ५,८०४,८२२।८० | ८,७८७,४४०।२३ | सम्पन्न | तुल्सी राम सुवाल | |
| ४ | स्थानीय स्काउट कार्यालय मर्मत कार्य | ३ | विपद व्यवस्थापन | १,५६१,५२१।९९ | | ४९०,०००।०० | १,४९९,१९२।८५ | १,००९,१९२।८५ | १,५६६,८८७३१ | सम्पन्न | विश्व नारायण भैल | |
| ५ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू ( फागुन महिना) | १।१० | मर्मत | ६५,०००।०० | | | ५१,००।०० ( ज्याला) | ५१,००।०० ( ज्याला) | ६०,००।०० | सम्पन्न | राधे श्याम भैनात्व | |
| ६ | सडक बत्ती मर्मत सम्भार कार्य (हनुमानघाट, छिपा ताँ, न्या ताँ र गयभिन्द्यो पुलमा) | ७ | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | ९९,५३८।६४ | | | ९४,७६९।०० | ९४,७६९।०० | १००,०८४।५० | सम्पन्न | हेरा ख्याजू | |
| ७ | सीसीटीभी सर्भिलेन्स मर्मत सम्भार कार्य ( दरबार स्क्वायरदेखि सुकुलढोका सम्म) | २, ५ | सीसी क्यामेरा जडान तथा मर्मत | १५३,६४२।१० | | | १५०,२६५।०० | १५०,२६५।०० | १५६,४६९।१७ | सम्पन्न | 4G Electronics Security Traders, Bhaktpaur | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सीसीटीभी सर्भिलेन्स विद्युतीय सर्टसर्किटले गर्दा जलेका फाइबलर केबल र अन्य डिभाइसहरू मर्मत कार्य | ६, १० | सीसी क्यामेरा जडा तथा मर्मत | २६९,९९१।९३ | | | २५९,७०२।२५ | २५९,७०२।२५ | २७८,११३।८७ | सम्पन्न | Times Enterprises, Lalitpur-3 | |
| ९ | शिशु स्याहार केन्द्रमा सीसीटीभी सर्भिलेन्स प्रणाली जडान कार्य | १ | सीसी क्यामेरा जडा तथा मर्मत | ९६,२५५।६६ | | | ९४,५३८।०६ | ९४,५३८।०६ | १०५,६६७।२८ | सम्पन्न | नजरमाया बाटी | |
| १० | रानी पोखरीको फाउन्टेन केबुल अण्डरग्राउण्ड कार्य | १ | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | ९३,५५०।१० | | ३०,०००।०० | ९१,६७९।०० | ६१,६७९।०० | ९६,५१९।६० | सम्पन्न | हरि सुन्दर गारू | |
| ११ | खोह्रे पार्क क्षेत्रमा पोलसहितको बत्ती जडान कार्य | ७ | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | २३५,५५०।६० | | ७५,०००।०० | २१८,७४०।०१ | १४३,७४०।०१ | २५६,९०६।८७ | सम्पन्न | कृष्ण राम बासी | |
| १२ | सीसीटीभी सर्भिलेन्स जडान कार्य (कमलविनायक बसपार्कमा) | १० | सीसी क्यामेरा जडा तथा मर्मत | १४३,८५५।९६ | | | १३३,५६६।४५ | १३३,५६६।४५ | १३५,९१२।६३ | सम्पन्न | Times Enterprises, Lalitpur-3 | |
| १३ | प्लम्बिङ र इलेक्ट्रिकल मर्मत सम्भार कार्य (माघ र फागुन महिना) | ११० | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | ११९,८३४।१० | | | ६३,८००।००याला) | ६३,८००।०० (ज्याला) | ११०,९६४।९० | सम्पन्न | अनिल गोठे | |
| १४ | भ.न.पा. भवनमा चेन गेट निर्माण कार्य | २ | मर्मत | १७१,१८३।२४ | | | १७०,८९३।२६ | १७०,८९३।२६ | १७४,०८०।४१ | सम्पन्न | रत्न काजी नायभारी | |
| १५ | काँलाचा खोलामा रिटेनिंग वाल निर्माण कार्य | ५ | खोला नियन्त्रणका लागि रिटेनिंग वाल निर्माण कार्य | ३,२९८,६१२।४० | | १,०००,०००।००| १,३७८,७४३।८४ | ३७८,७४३।८४ | १,६९२,८५१।९२ | आंशिक सम्पन्न | कृष्ण गोपाल छुस्याकी | |
| १६ | शित भण्डारण गृहमा ट्रान्सफर्मर जडानको लागि आवश्यक Main Line | ८ | शित भण्डारण गृहको परिसरमा कम्पाउण्ड वाल तथा ट्रान्सफर्मर जडान | | | | ९९,०७९।५३ | ९९,०७९।५३ | ९९,०७९।५३ | सम्पन्न | R.M.S. International Pvt. Ltd., Kathmandu | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Disconnecting Accessories जडान कार्य | | | | | | | | | | | |

**निर्माण समितिको मिति २०८२/१२/२५ गतेको बैठकको निर्णयहरू :**

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | ख्वप कलेज अफ ल भवन निर्माण कार्य | १० | ख्वप कलेज अफ ल भवन निर्माण | १६४,४०७,८०८।३७ | | | | | | | | खरिद गुरू योजना बनाई बहुवर्षीय योजनाको रूपमा सञ्चालन गर्ने |
| २ | नपुखुमा पर्यटक काउण्टर निर्माण कार्य | १ | वातावरणीय सुधार तथा व्यवस्थापन | ८६३,४३७।३५ | | | | | | | | |
| ३ | १ नं. वडाको विभिन्न स्थानमा सडक बत्ती जडान कार्य | १ | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | ५६६,९१७।६० | | | | | | | | |
| ४ | ४ नं. वडा बिस्का जात्राको लागि फ्लोड लाइत तथा सडक बत्ती जडान कार्य | ४ | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | ९९,८८७।७३ | | | | | | | | |
| ५ | १ नं. वडा क्षेत्रमा Minimast Light जडान कार्य ( दूधपाटी, भार्वाचो, असंगाल) | १ | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | ५७५,१७०।०० | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | बिस्का जात्राको लागि सीसीटीभी तथा च्यानल NVR थप जडान कार्य (गहिटी, टौमढी, योसिंखेल) | ४, ५ | सीसी क्यामेरा जडा तथा मर्मत | ४६५,७६८।७५ | | | | | | | | |
| ७ | तिप्वा जात्रा रूट तथा बिस्का जात्राको लागि फ्लोड लाइत तथा सडक बत्ती जडान कार्य | ४ | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | ९९,७८७७३ | | | | | | | | |
| ८ | सिलखेमा वर्कशप तथा पार्किङ व्यवस्थापन कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्र | ४,१५७,३५९।०७ | | | | | | | | |
| ९ | तुमचो दुगरे आवास क्षेत्रमा रिटेनिङ वाल मर्मत कार्य | ९ | मर्मत | १,४६०,८१९।६८ | | | | | | | | |
| १० | कयतामरू घाट पुल निर्माण कार्यको लागि माटो परीक्षण कार्य | ४ | परामर्श सेवा | १८४,५२८।८८ | | | | | | | | |
| **ख)** | **रि. ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | महेश्वरी खेल मैदानमा प्यारापित निर्माण कार्य | ७ | नपा | २७,७३१,१८७।६७ | २३,३८२,२०१।५५ | | | | | | | सो ठेक्काको लागि Addendum PPMO मा पठाउने निर्णय गरियो । |
| **ग)** | **उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | कासनदेखि बहरिकेसम्म खोला सफाइ कार्य | २ | खोला तथा घाट सुधार कार्य | ६४४,८८१।२४ | | | उ.स.अ. : श्री रत्नलाल कैटी<br>अ.स.स. : श्री न्हुछेराम कोजू | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | लिबाली करिडोर बाटोमा मेशेनरी वाल निर्माण कार्य | ८ | खोला नियन्त्रणको लागि रिटेनिङ वाल निर्माण | ६,३६०,२०३।३५ | | | उ.स.अ. : श्री धर्म गुसाई<br>अ.स.स.: श्री रामसुन्दर बासी | | | | | |
| **घ)** | **पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | हाडा छैं पुन:निर्माण कार्य (अन्तिम चरण) | ४ | अन्य योजनाको बाँकी भुक्तानी | ५,९७०,३९९।४२ | प्रथम पेश्की | २,०००,०००।०० | २,४५१,३२७।५० | ४५१,३२७।५० | २,८५२,७६८।५५ | सम्पन्न | कृष्ण गोबिन्द दुवाल | दोस्रो पेश्की फछ्र्यौट गरी नपुग रू. ७,३१,५०५।० भुक्तानी गर्ने |
| | | | | | दोस्रो पेश्की | २,०००,०००।०० | २,७३१,५०५।०० | ७३१,५०५।०० | २,७७९,३५७।०० | | | |
| | | | | | **जम्मा** | **४,०००,०००।००** | **५,१८२,८३२।५०** | **१,१८२,८३२।५०** | **५,६३२,१२५।५५** | | | |
| २ | भोखाद्यो दक्षिणपट्टीको पाटी पुन: निर्माण कार्य | ५ | भोखाद्यो दक्षिणपट्टी पाटी पुन:निर्माण र अन्य योजनाको बाँकी भुक्ती | ३,४३३,५७१।०९ | प्रथम पेश्की | ६५०,०००।०० | १,३६९,८८९।८३ | ७१९,८८९।८३ | १,७५२,२५०।६० | सम्पन्न | बालकृष्ण प्रजापति | दोस्रो पेश्की फछ्र्यौट गरी नपुग रू. ६,८३,३१५।५६ भुक्तानी गर्ने |
| | | | | | दोस्रो पेश्की | ६००,०००।०० | १,२८३,३१५।५६ | ६८३,३१५।५६ | १,७९३,३६५।२३ | | | |
| | | | | | **जम्मा** | **१,२५०,०००।००** | **२,६५३,२०५।३९** | **१,४०३,२०५।३९** | **३,५४५,६१५।८३** | | | |
| ३ | भेलुखेल पार्किङ पूर्वाधार निर्माण कार्य (दोस्रो चरण) | ५ | नपा | ५,५७६,१६१।४७ | प्रथम पेश्की | १,५००,०००।०० | २,२०५,८२१।७६ | ७०५,८२१।७६ | २,३०६,९५२।८७ | सम्पन्न | रामप्रसाद फसिकवा | तेस्रो पेश्की फछ्र्यौट गरी नपुग रू. ३९२,३८५।५९ भुक्तानी गर्ने |
| | | | | | दोस्रो पेश्की | १,५००,०००।०० | १,९७१,८३७।९३ | ४७१,८३७।९३ | २,२००,५०८।८५ | | | |
| | | | | | तेस्रो पेश्की | १,०००,०००।०० | १,३९२,३८५।५९ | ३९२,३८५।५९ | १५,०२,७२१।६९ | | | |
| | | | | | **जम्मा** | **४,०००,०००।००** | **५,५७००४५।२८** | **१,५७००४५।२८** | **६०,१०,१८३।४१** | | | |
| ४ | देगमना मंगलतीर्थ बिचको उकालो बाटोमा ढल निकास व्यवस्थापन कार्य | ४ | ढल निकास | ९९३,०३२।६२ | | २९०,०००।०० | ६८९,४५४।४९ | ३९९,४५४।४९ | ७३०,७१२।४४ | सम्पन्न | सेरबहादुर बागजु | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सिलखेस्थित वर्कशपमा विद्युतीय कार्य | १० | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | ४६६,९४०।७९ | | १५०,०००।०० | ४३६,२३२।६६ | २८६,२३२।६६ | ४७१,३३१।६२ | सम्पन्न | गोबिन्द राम थुसा | |
| ६ | भनपा कार्यालय भवनमा कन्ट्रोल प्यानल तथा विद्युतीय मर्मत कार्य | २ | सम्पदा क्षेत्रमा बत्ती व्यवसथापन तथा सडक बत्ती जडान र मर्मत | ४५,५७०।२० | | | ३६,३३८।२२ | ३६,३३८।२२ | ३९,७५५।३० | सम्पन्न | राम गोपाल बाला | |
| ७ | झताप्व गल्लीमा सीसीटीभी जडान कार्य | ८ | सीसी क्यामेरा जडा तथा मर्मत | १८९,५७५।१० | | | १७०,८३३।४० | १७०,८३३।४० | १८१,५१५।७७ | सम्पन्न | Techspire Enterprises Pvt. Ltd., चाँगुनारायण नपा | |
| ८ | शिशु स्याहार तथा बालविकास केन्द्र पूर्वाधार विकास | १० | नपा | ५,३९१,३८९।८६ | | १,६५०,०००।०० | २,४२१,९४५।५७ | ७७१,९४५।५७ | २,७५२,२०१।८४ | आंशिक सम्पन्न | हरिप्रसाद मगजु | |
| ९ | वर्कशप निर्माण कार्य, सिलखे | १० | अन्य योजनाको बाँकी भुक्तानी | ६,२१५,९८९।०१ | प्रथम पेश्की | १,६५०,०००।०० | ३,२२०,५२२।९१ | १,५७०,५२२।९१ | ३,३९७,६४२।५७ | सम्पन्न | तिर्थमान दुमरू | दोस्रो पेश्की फछ्र्यौट गरी नपुग रू. ८,२६,५७३।०० भुक्तानी गर्ने |
| | | | | | दोस्रो पेश्की | १,४२९,४७८।०० | २,२५७,५६१।४३ | ८२८,०८३।४३ | २,५७१,४८४।२८ | | | |
| | | | | | **जम्मा** | **३,०७९,४७८।००** | **५,४७८,०८४।३४** | **२,३९८,६०६।३४** | **५९,६९,१२६।८५** | | | |
| १० | CNBM कम्पोस्ट प्लान्टमा ब्लक छपाई कार्य | १० | अन्य योजनाको बाँकी भुक्तानी | २,८८६,१४९।६५ | | ९००,०००।०० | १,९८९,४४३।७६ | १,०८९,४४३।७६ | २,७५४,८७०।८५ | सम्पन्न | इश्वरीमान दुमरू | |
| ११ | थुचो चोकदेखि मंगलतीर्थको ढ्वाकासम्मको ढुङ्गा छपाई बाटो मर्मत कार्य | ४ | सडक बोर्ड नेपाल . नपा | १,१८७,७४७।२९ | | ३३०,०००।०० | १,०७७,०७३।०० | ६६२,०७३।०० | १,१३२,५६२।०० | सम्पन्न | रामकृष्ण मुलगुठी | रू. ८५ हजार बराबर को श्रमदान |

३ . **विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

१. स्थानीय शासन कार्य सम्पादन मूल्यांकन प्रणाली (LGPAS) को आ.व. २०८१/०८२ को प्रारम्भिक नतिजा माथि जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषण सम्बन्धमा छलफल गरी औसतमा प्राप्त ५५.१ प्रतिशत नतिजालाई स्वीकृत गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

२. भ.न.पा. वडा नं. ६ स्थित अरनिको सभा भवन निर्माण आयोजनाको भवन निर्माण कार्य अन्तर्गत चौथो चरणको Construction of Araniko Sabhabhawan Finishing Works (Phase-IV) को कार्य (दाचि ईटा, कार्नेश र वाल प्लाष्टर आदि) गर्न भ्याट समेत जम्मा रु. ८,८८,१८,४७९।४५ बराबरको ल.ई. हुन आएकोले सो रकम बराबरको कार्य गर्न आ.व. २०८३/०८४ मा स्रोत सुनिश्चितता गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाको 'भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड २०६०' अनुसार भवनको तल्ला उचाई सम्बन्धमा परिच्छेद-३ को बुंदा न. ३.२.३..६ मा तल्ला उचाई ३ मि. (१०'०') सम्म राख्न पाइने छ भन्ने व्यवस्था भएकोमा कयौं स्थानको भौगोलिक अवस्थाको कारणले भवनको तल्ला उचाई १०' भन्दा बढी राख्नु पर्ने अवस्था देखिएको हुँदा भवनको कुल उचाई मापदण्ड भन्दा नबढ्ने गरी भूई तल्लाको हकमा भौगोलिक अवस्थालाई ध्यानमा राखी तल्ला उचाई आवश्यकता अनुसार राख्न सकिने गरी मापदण्डमा संशोधन गर्ने निर्णय गरियो ।

४. भ.न.पा. अन्तर्गत सूचीकरण समिकिो मिति २०८२।१०।२३ गते नक्सा पास/नक्सा सूचिकरणको लागि निर्णयार्थ कार्यपालिकामा पेश भएको तपसिल अनुसारको नक्सावालाको नक्सा पास/सूचिकरण गर्ने निर्णय गरियो :

| क्र.सं. | निवेदकको नाम थर | निर्माण ठेगाना | कि.नं. | क्षे.फ. | समितिको सिफारिस | सूचीकरण समितिको सिफारिस मिति |
|---|---|---|---|---|---|---|
| १ | लक्ष्मीकुमार धुख्वा | भ.न.पा. वडा नं. ८ | १९५ | ०-३-२-२ | नक्सा पास हुने | २०८२।१०।२३ |
| २ | मैया केशरी बजिको | भ.न.पा. वडा नं. १० | १४३ | ०-२-०-० | पास एवम् सूचीकरण समेत नहुने | २०८२।१०।२३ |

५. भक्तपुर नगरपालिकाबाट सञ्चालन गरिने आदर निकेतन (वृद्धाश्रम) को लागि १६ जना क्षमताको Electric Van गाडी १ थान खरिद गर्न मिति २०८२।९।१८ गते गोरखापत्र दैनिक र मिति २०८२।९।१८ मजदुर दैनिकमा अनलाइन बोलपत्र आहवान सम्बन्धी प्रकाशित सूचना अनुसार म्यादभित्र www.bolpatra.gov.np/egp मार्फत Online Submission भएका १(एक) वटा बोलपत्रदाता सी.जी. मोटर्स प्रा.लि. सानेपा ललितपुरबाट पेश भएको बोलपत्र सम्बन्धमा छलफल हुँदा प्राविधिक अध्ययन प्रतिवेदन अनुसार प्रस्तावित स्पेसिफिकेशन भन्दा फरक देखिन आएको हुँदां उक्त बोलपत्र रद्द गर्न सिफारिस गर्ने र साथै सोही स्पेसिफिकेशन अनुसारको सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गर्न सिफारिस गर्ने निर्णय गरियो ।

६. भक्तपुर नगरपालिकाको लागि आवश्यक हेभी ट्रिपर (ट्रक) गाडी २ थान खरिद गर्न मिति २०८२।९।८ गोरखापत्र दैनिक र मिति २०८२।९।१२ मजदुर दैनिकमा अनलाइन बोलपत्र आह्वान सम्बन्धी प्रकाशित सूचना अनुसार म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत Online Submission भएका ४(चार) वटा बोलपत्रहरुमध्ये न्यूनत्तम अंक कबोल गर्ने बोलपत्रदाता सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौको प्रति थान गाडीको मूल्य रु.५४,१८,०००।-का दरले जम्मा रु. रु.१,०८,३६,०००।- (भ्याट सहित) अक्षरुपी एक करोड आठ लाख छत्तीस हजार रुपैयाँ मात्र कुल अनुमानित लागतमा २८.७१ % ले घटी हुन आएको हुँदा सारभूत रुपमा प्रभावकारी भएकोले उक्त बोलपत्र स्वीकृत गर्न सिफारिस गर्ने निर्णय गरियो ।

७. भक्तपुर नगरपालिका वडा नं. १ स्थित जुद्ध वारुण यन्त्र कार्यालयका लागि आगलागी नियन्त्रण गर्ने क्रममा सुरक्षा गर्न आगोले नजल्ने SCBA (Self Containing Breathing Apparatus) २ सेट, फायर बुट १५ जोर माग भई आएको र उक्त सामग्रीहरु खरिदका लागि नपामा सूचीकृत कम्पनीहरुबाट देहायका दररेट पेश गरिएकोमा सबभन्दा कम दररेट न्यू कोइराला ब्रदर्स इन्टरप्राइजेज, काठमाण्डौको हुन आएकोले उक्त कम्पनीको दररेट स्वीकृत गर्ने निर्णय गरियो :

| क्र.सं. | मालसामानको नाम / स्पेशिफिकेशन | एकाई | परिमाण | न्यू कोइराला ब्रदर्स इन्टरप्राइजेज | इन्द्रेणी इन्टरप्राइजेज | ए सत्यबत्ती इन्टरप्राइजेज |
|---|---|---|---|---|---|---|
| | | | | प्रति/मूल्य रु. | प्रति/मूल्य रु. | प्रति/मूल्य रु. |
| १ | SCBA (Self Containning Breathing Apparatus) | थान | २ | २,१६,६७०।०० | २,१३,१६८।०० | २,२०,२५०।०० |
| २ | Fireboot | जोर | १५ | १२,०००।०० | १२,२००।०० | १२,२५०।०० |

८. निवेदकहरु भरत कपाली, राम कपाली, लक्ष्मण कपाली, शत्रुघन कपाली, लक्ष्मी प्रसाद कपाली, विष्णु दर्शनधारी र अष्टमान कपालीसमेतको संयुक्त नाममा भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरमा दर्ता भएको तपसिलका कित्ता जग्गाहरुमा निर्माण भएको स्ववासी घरमा बसोबास गर्दै आएको उक्त घर स्मारक क्षेत्रमा परेको हुँदा उक्त स्ववासी घर यस भक्तपुर नगरपालिका कार्यालय, भक्तपुरको नाममा हस्तान्तरण गरी लिई सोको सट्टा हामीहरुलाई यसै भक्तपुर नगरपालिकाको जग्गामध्ये ७ मिटरको बाटो जोड्ने गरी हामीहरुको नाउँमा रहेको कित्ता जग्गाको क्षे.फ. दोब्बर रहने गरी जग्गा सट्टापट्टा गरी पाऊँ भनी भ.न.पा. वडा नं. ५ बस्ने भरत कपालीसमेत ७ जनाको संयुक्त निवेदन पेश भएको हुँदा उक्त निवेदन उपर छलफल गरी कानून बमोजिम आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो :

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|
| भक्तपुर नगरपालिका | १४ | ५२० | ०-१-१-१ |
| ऐ | ८ | १०४२ | ०-१-२-० |